ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
भ्रष्टाचार विरूद्धको सहकार्य

घर नं.: ५७/६२, छकुबकु मार्ग, नयाँबानेश्वर, काठमाडौं, नेपाल
पोष्ट बक्स नं.: ११४८६
फोन: ००९७७-१-४५७५२६२, ४५७५०६२, फ्याक्स: ००९७७-१-४५७५११२
इमेल: trans@tinepal.org, वेभसाइट: www. tinepal.org, tinepal

जि.प्र.का. काठमाडौं दर्ता नं.८७/०५३/०५४, समाज कल्याण परिषद् आ.नं.१४०११

TRANSPARENCY INTERNATIONAL NEPAL
The Coalition Against Corruption

२०८१ कात्तिक ५

# प्रेस विज्ञप्ति

हाल सरकारको नेतृत्व गरिरहेको नेपाल कम्युनिष्ट पार्टी (एमाले) को पार्टी कार्यालय भवन निर्माणको लागि १० रोपनी १४ आना जग्गा दान गरिएको र सो जग्गामा दाताकै तर्फबाट भवन निर्माण समेत दानको रूपमा गरिदिने भन्ने समाचारतर्फ ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालको गम्भीर ध्यानाकर्षण भएको छ ।

दान प्रदान गर्ने व्यक्ति नेपाल सरकार वादी रहेका विभिन्न मुद्दामा अदालतले दोषी ठहर गरेको र निजमाथि सोही प्रकृतिका थप विभिन्न मुद्दाहरु न्यायिक प्रक्रियामा नै रहेको सर्वविदितै छ। कानूनको पालना गरी गराई सरकारी सम्पत्ति र हितको संवर्धन गर्न जनताबाट निर्वाचित भई सरकारको नेतृत्व गरिरहेको पार्टीले यस प्रकारको दान दातव्य लिंदा वादी-प्रतिवादीमा हुनुपर्ने व्यवहारमा गम्भीर असर पर्न गई सरकार वादी रहेको मुद्दामा प्रतिकूल प्रभाव पर्न जाने देखिन्छ । प्रतिवादीसँगको यस्तो लेनदेनका कारण स्वार्थको द्वन्द्व हुन गई सुशासनमा गम्भीर असर पर्ने र भ्रष्टाचारको पक्षपोषण हुने ठम्याइ टीआई नेपालको रहेको छ ।

सरकारको नेतृत्व गर्ने व्यक्ति वा दलले सरकार वादी रहेको मुद्दाका प्रतिवादी व्यक्ति वा पक्षबाट सरकारको लागि होस् वा पार्टीको नाममा होस् कुनै पनि प्रकारको दान, दातव्य र सहयोग स्वीकार गर्ने प्रवृत्तिले सुशासनको अपव्याख्या भई देशमा व्याप्त भ्रष्टाचारलाई थप मलजल पुग्न जाने देखिन्छ । सरकार संचालनमा संलग्न रहेका व्यक्ति तथा राजनीतिक दललाई यस प्रकारका काम कारवाहीबाट अलग रहन टीआई नेपाल अपील गर्दछ ।

मदन कृष्ण शर्मा
अध्यक्ष